गोसाईकुण्ड गाउँपालिका रसुवा

स्थानीय राजपत्र

खण्ड:- ०७ संख्या:- ५ मिति:- २०८०/०७/२१

भाग - १

# कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

नेपालको संविधान (२०७२) को अनुसूची-८ “स्थानीय तहको अधिकारको सूची” मा व्यवस्था भए अनुसार कृषि उत्पादन तथा कृषि प्रसारको व्यवस्थापन सम्बन्धी कार्यहरु स्थानीय तहबाट सम्पादन गर्नु पर्ने भएको र संघीयता कार्यान्वयनको सन्दर्भमा बजेट कार्यक्रम, जनशक्ति तथा साधन श्रोतहरु स्थानीय तहमा हस्तान्तरण हुदै गरेको सन्दर्भमा कृषक समुदायको जिविकोपार्जनमा अनादिकालदेखि महत्वपूर्ण स्थान ओगटेको कृषि व्यवसायलाई विविधिकरण, व्यवसायीकरण, आयमूलक तथा सम्मानित पेशाको रुपमा विकास गरी कृषि जन्य वस्तुको उत्पादन, उत्पादकत्व वृद्धि गर्दै बजारीकरण तथा प्रशोधन व्यवस्थापन गरी यस गाउँपालिकाबाट सञ्चालन हुने कृषि विकास सम्बन्धी कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनको लागि गोसाईकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

# परिच्छेद-१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ:
क. यो कार्यविधिको नाम "**गोसाईकुण्ड गाउँपालिका कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि २०८०**" रहने छ ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

ग. यो कार्यविधि गोसाईकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाले स्वीकृत गरेपछि प्रारम्भ हुनेछ ।

**२.** परिभाषा बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "**गाउँपालिका**" भन्नाले गोसाईकुण्ड गाउँपालिका सम्झनु पर्नेछ ।

ख,. "**कार्यपालिका**" भन्नाले गोसाईकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ ।

ग. " **शाखा**" भन्नाले गोसाईकुण्ड गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्नेछ ।

घ. " **वडा** "भन्नाले गोसाईकुण्ड गाउँपालिका अन्तर्गत पर्ने ६ वटा वडाहरु सम्झनु पर्नेछ ।

ङ. " **प्राविधिक** " भन्नाले गोसाईकुण्ड गाउँपालिकामा कृषि विकास शाखाले तोकिएको सम्बन्धित प्राविधिक सम्झनु पर्नेछ ।

च. " **सहकारी** " भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको कृषि सम्बन्धी कार्य गर्ने संस्था लाई सम्झनु पर्छ ।

छ, "**कृषक समूह**" भन्नाले कृषि पेशामा संलग्न भई मिल्दा जुल्दा समस्या, आवश्यकता र चाहनाहरु भएका न्यूनतम १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलेर सामूहिक प्रयत्नद्धारा कृषि क्षेत्रमा साझा उद्देश्यहरु प्राप्त गर्न स्थापना भई आधिकारिक निकायमा दर्ता भएको संस्थालाई सम्झनु पर्छ ।

ज. "**कृषक**" भन्नाले कृषि कार्यक्रम संचालन गर्ने संस्था, सहकारी तथा व्यवसायिक फर्मका सदस्य सम्झनु पर्दछ ।

झ. "**अनुदान**" भन्नाले सम्बन्धित कृषि विकास कार्यक्रम सञ्चालनका लागि दिईने अनुदान सम्झनु पर्नेछ ।

ञ. "**लगानी रकम**" भन्नाले कार्यक्रम सम्झौतामा उल्लेख भए अनुसारको अनुदान प्रस्तावकले व्यहोर्ने रकम समेत गरी कुल लगानी रकम सम्झनु पर्नेछ ।

ट. "मागमा आधारित अनुदान" भन्नाले प्रस्तावकको माग स्वीकृतीका आधारमा दिईने अनुदान कार्यक्रम सम्झनु पर्दछ ।

### ३. उद्देश्य:
यो कार्यविधिको निम्न अनुसारको उद्देश्य रहेको छः

क. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने,

ख. प्रविधि हस्तान्तरण मार्फत कृषि व्यवसायलाई व्यवसायीकरण गरी आत्मनिर्भर, आधुनिक र प्रतिस्पर्धी बनाउने,

ग. कृषि उपजको सरल र सुलभ बजार पहुँच वृद्धि गर्दै आयात प्रतिस्थापन गरि निर्यात प्रवर्द्धन गर्दै कृषकहरुको आयस्तरमा सुधार गर्ने,

घ. कार्यक्रमहरु व्यवस्थित, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्ने ।

ङ. कृषक/ कृषक समूह/ कृषि सहकारी/ उपभोक्ता समिति तथा व्यवसायिक कृषि फर्महरुले संचालन गर्ने कार्यक्रमहरुको प्रस्तावना अनुसार कार्यक्रम संचालन गर्ने ।

च. कृषिमा यान्त्रिकिकरणको प्रयोगबाट उत्पादन एवम् उत्पादकत्व बढाउने ।

छ. प्राविधिक श्रोत वातावरण र जैविक विविधताको संरक्षण सम्वर्द्धन एवं सदुपयोग गर्ने ।

ज. रोजगारीका अवसरहरु सृजना गरी गरिबी निवारणमा टेवा पुर्याउने ।

## ४. कृषक क्षमता अभिवृद्धि तालिम

१. कार्यक्रम मागमा आधारित रही पालिका तथा स्थलगत घुम्तीस्तरमा तालिम सञ्चालन गर्ने ।

२. कृषक संख्या प्रति समूहमा १५ देखि ३० जना रहनेछन् साथै तालिम अवधि आवश्यकता अनुसार हुनेछ ।

३. तालिमको उद्देश्य कृषकहरुको विषय विशेष ज्ञान सीप अभिबृद्धि गर्नु हुनेछ ।

४. तालिम सञ्चालन गर्ने कार्यविधि देहाय बमोजिम हुनेछः

क) तालिम खर्च कार्यक्रम सञ्चालन तालिमको लागत स्टिमेट तयार गरी पूर्व स्वीकृत गरी मात्र सञ्चालन गरिनेछ ।

ख) तालिम गो.गा.पा कार्यसञ्चालन निर्देशिका, २०७७ बमोजिम सञ्चालन हुनेछ ।

## परिच्छेद-२

## सञ्चालित कार्यक्रमहरु

१. **कृषि विकास कार्यक्रमहरुको विवरण:** कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट परिधिभित्र रही देहाय बमोजिमका कार्यक्रमहरु हुनेछन्:

### क) थोपा सिचाई कार्यक्रमः-

प्लाष्टिक घरमा समुचित सिंचाई पानीको प्रयोग गरि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने थोपा सिंचाई एक नविनतम प्रविधि हो । कम सिँचाई पानीमा अधिकतम उत्पादन लिन यस प्रविधिको विस्तार गर्न यो कार्यक्रम सञ्चालन गरिन्छ ।

क.१) उद्देश्यः-

- थोरै भन्दा थोरै सिंचाई पानीबाट अधिकतम तरकारी उत्पादन गर्न ।
- समुचित सिंचाई पानीको प्रयोग गर्न ।

क.२) कार्यविधीः-

बेमौसमी तरकारी खेति पकेट क्षेत्रको पहिचान गरी ५० प्रतिशत अनुदानमा प्लाष्टिक घर भित्र खेति गर्ने कृषकहरुलाई थोपा सिंचाई सेट वितरण गर्ने ।

## ख) **वागवानी विकास कार्यक्रमः-**

ख.१) उद्देश्यः-

- आयमूलक व्यावसायिक फलफुल बगैँचा स्थापना गर्ने उदेश्यले गाउँपालिका बर्षे तथा हिउँदे फलफूलका बिरुवा वितरण गर्ने उद्देश्य रहेको छ ।

ख.२) कार्यविधीः-

- फलफूल बिरुवाको मूल्यको लागि नेपाल मुलुकको सरकारी वागवानी केन्द्रहरु तथा निजीस्तरका फलफूल नर्सरीहरुवाट उत्पादित फलफूलको बगैँचाको हकमा नेपाल सरकारको पूर्व स्वीकृत प्रचलित दररेट वमोजिम र भारत तथा अन्य देशवाट आयात गरिने स्याउ र ओखरका विरुवाको हकमा सम्बन्धित क्षेत्रको चलन चल्तीको दरमा पत्रहरुको प्रतिस्पर्धाको आधारमा मूल्य निर्धारण गरिनेछ ।
- बगैचा निर्माणका लागि ५० प्रतिशत अनुदान र बिरुवाको लागि पनि ५० प्रतिशत अनुदानमा विरुवाहरु वितरण गर्ने ।

## ग) **प्लाष्टिक क्रेट वितरणः-**

तरकारी तथा फलफूल भण्डारण , ढुवानी तथा बजारीकरणका लागि प्लाष्टिक क्रेट वितरण कार्यक्रम सञ्चालन गर्ने लक्ष्य रहेको छ ।

### उद्देश्य

- उत्पादित तरकारी तथा फलफूलको गुणस्तर नविगारी यथास्थीति कायम राख्न ।
- सजिलो भण्डारण, ढुवानी तथा हेण्डलिङ गर्न ।

**कार्यविधीः-** तरकारी तथा फलफूलको पकेट क्षेत्रमा कृषकहरुलाई आफ्नो उत्पादन सजिलै भण्डारण, ढुवानी तथा बजारीकरण गर्न प्लाष्टिक क्रेट विरतण गर्ने ।

**लक्षित वर्गः** तरकारी तथा फलफूलको पकेट क्षेत्र

अनुदानको किसिमः तरकारी भण्डारण गर्न प्लाष्टिक क्रेट कम्तिमा ५० प्रतिशत र फलफूल भण्डारण गर्न प्लाष्टिक क्रेट ५० प्रतिशत अनुदान ।

## घ) कृषि यान्त्रिकीकरण -मेशिनरी औजार वितरण

कृषि उत्पादनमा आधुनिकीकरण, कम समयमा सरल तथा उन्नत प्रविधिबाट कृषिजन्य क्रियाकलाप गर्न कृषि यान्त्रिकरण कार्यक्रम अन्तर्गत विभिन्न मेशिन तथा औजारहरु वितरणका निमित्त यो कार्यक्रम सञ्चालनमा ल्याईएको छ । देशमा विद्यमान कृषि क्षेत्रमा जनशक्तिको अभावलाई निर्मुलिकरण गरी कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न यस कार्यक्रम लागु गरिएको छ ।

विभिन्न किसिममा मेशिनहरु वितरण गर्ने

**उद्देश्यः-**

- कृषि क्षेत्रमा आधुनिकीकरण गर्न ।
- कृषि क्षेत्रमा जनशक्ति अभावलाई न्यूनिकरण गरी कृषि उत्पादन बृद्धि गर्न ।

**लक्षित वर्गः-** सम्बन्धित बालीका कृषकहरु

**अनुदानको किसिमः-** ५० प्रतिशत अनुदान

## ❖ भ्रमण कार्यक्रम

## ❖ अन्तर जिल्ला कृषक भ्रमण

- कृषकहरुलाई वरपरका जिल्लाका उत्पादन स्थल वा फार्महरुमा भ्रमण गराउदैं आईएको भएतापनि हालको परिप्रेक्ष्यमा यस्तो भ्रमणलाई बाली उत्पादन कार्यक्रमसँग आबद्ध गराउनुपर्दछ । यस्तो भ्रमणबाट विभिन्न कृषकहरुले जिल्लाहरुमा कृषि प्राविधिकहरुबारे अवलोकन गरी सिक्ने मौका पाउँदछन् ।

**उद्देश्यः-** कृषकहरुलाई नौलो (उन्नत) प्रविधी देखाएर त्यसबाट प्रभावित भई नयाँ प्रविधि अवलम्बन गर्न सघाउ पुर्याउनु ।

## कार्यविधिः

- भ्रमणको लागि केहि पढेका, सिक्न सक्ने र सिकाउने भावना भएका कृषक वडा कार्यालयको सिफारिस अनुसार छनौट गर्नुपर्दछ ।
- भ्रमण कार्यक्रम ( अवलोकन स्थल, बस्ने स्थान आदि ) अग्रिमरुपमा तयार गरी भ्रमण गरिने स्थल एवम् सम्बन्धित व्यक्तिहरु तय गरी भ्रमण कार्यक्रम प्रारम्भ गर्नुपर्दछ ।
- भ्रमणको सुरुमा परिचय लिने दिने गरी कार्यक्रम प्राम्भ गर्नुपर्दछ ।
- भ्रमणको क्रममा सबैलाई सक्दो सहुलियत दिई लाभप्रद तुल्याउनुपर्दछ र अन्त्यमा समीक्षा गर्नुपर्दछ ।
- अवधि ३-५ दिन कृषक आफ्नो वडावाट भ्रमण शुरु गर्न, गाउँपालिकामा भेला हुन र फर्कन बाटोम्याद बाहेक ।

## ङ) मौरी विकास तथा मह उत्पादन कार्यक्रम

मह एक पौष्टिक दृष्टिकोणबाट महत्वपुर्ण मौरी जन्य उत्पादन भएकोले यसको माग दिनानुदिन बढ्दै गईरहेको छ । मौरीबाट उत्पादन हुने एक प्राङ्गारिक उत्पादन भएकोले यसको उत्पादन र उत्पादकत्व बृद्धि गर्न सकेमा

यसले सहजै अन्तर्राष्ट्रिय बजार समेत पाउने र व्यावसयिकतावाट आय आर्जनमा महत्वपूर्ण योगदान दिन सक्ने देखिन्छ ।

**उद्देश्यः-**

- एक घर एक घार भन्ने नारा सहित गाउँपालिका प्रत्येक घरलाई मौरी घार राख्न प्रेरित गर्ने ।
- दिगोरुपमा मौरीपालन कृषकहरु बृद्धि गर्दै सिमान्तकृत तथा गरिब कृषकको आयआर्जनमा बृद्धि गर्ने ।
- सम्भाब्य क्षेत्रका घर घरमा मौरी पालन भै महको सेवनबाट स्वास्थ्यमा सुधार ल्याउने ।

**लक्षित वर्गः-** गरिब तथा सिमान्तकृत कृषक समूहहहरु यस कार्यक्रमबाट लाभान्वित हुनेछन् ।

**कार्यक्रमको सम्भाव्य प्रतिफलः** कृषकहरु स्वःस्फूर्त भई मौरी पालनमा लागिरहने छन । कम आयश्रोत भएका वा र्थिक बिपन्नताका साथ जीवन यापन गरिरहेका कृषकहरुको दिगो रुपमा आय आर्जन बृद्धि भई जीवनस्तर तथा स्वास्थ्यमा सुधार हुनेछ । साथै मौरी पालन उनीहरुमाझ पनि व्यावसायिक रुपमा अगाडि बढन्नेछ ।

**कार्यविधिः-**

- मौरी चरनको लागि उपुक्त भई सम्भावित कार्य क्षेत्रहरुको छनोटको लागि कृषक समूहको मागको आधारमा स्थलगत निरिक्षण गर्ने ।
- कृषि प्राविधिक टोलीले स्थलगत निरिक्षण र मौरीपालनका लागि उपयुक्त क्षेत्रका कृषकहरुलाई ५० प्रतिशत अनिदानमा आधुनिक मौरी घार उपलब्ध गराउने ।

### च) प्लाष्टिक पोखरी निर्माण तथा प्लाष्टिक सिथ वितरण

- सिचाईको सुविधा नपुगेको क्षेत्रहरुमा कम लागतमा वर्षातको पानी संकलन र जमिनमा बगेको भल पानीका साथै घर र गोठ/गुहालीमा परेको आकाशे पानीलाई संकलन गरी कृषकहरुलाई सिचाई उपलब्ध गराउन ५० प्रतिशत सम्म अनुदान सहयोग दिई कृषक वर्गमा राहत गर्न यो कार्यक्रम तयार गरिएको छ । व्यवसायिक तरकारी खेति एंव आय आर्जनको पृष्ठभूमिमा सञ्चालन गरिने यो कार्यक्रम अनुसार कृषक/ कृषक समूह/ कृषि सहकारी संस्था/ उपभोक्ता संस्था वा समितिलाई कार्यक्रम उपलब्ध गराईनेछ ।

**उदेश्य**

- सिंचाईको सुविधा नपुगेका क्षेत्रहरुमा कम लागतमा प्लाष्टिक पोखरी निर्माण गरी तरकारी खेति लगायत विभिन्न सम्भाव्य बालीहरुको खेति प्रवर्द्धन गरी रोजगारी र आय आर्जन बढाई गरिवी न्यूनीकरणमा टेवा पुर्याउने ।

**लक्षित वर्गः-** सुख्खा क्षेत्रका कृषकहरु

**अनुदानको किसिमः-** प्लाष्टिक पोखरी निर्माणका लागि प्लाष्टिक सिथ कम्तिमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने ।

| क्र.स | कार्यक्रम | मापदण्ड तथा उदेश्य | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम / प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | समग्र कृषि विकास कार्यक्रम सञ्चालन | • कार्यक्रमसँग सम्बन्धित कागजातहरु । | स्वीकृत कार्ययोजनाका कृयाकलापहरु | सामाग्री तथा अन्य सेवा खरिद गर्दा स्वीकृत प्रचलित कानून | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बमोजिमको दररेट अनुसार गर्नुपर्ने | |
| २. | मागमा आधारित कार्यक्रम | • कृषक समूह/सहकारी/कृषि फर्म/कृषकहरुको माग बमोजिम | खाद्यान्न बाली,तरकारी बाली, फलफुल खेति तथा आवश्यकता अनुसार अन्य कृषि सम्बन्धी सबै कार्यहरु सञ्चालन गर्न सकिने | माग बमिजिमको तालिम बाहेक अन्य सबै खालको कार्यक्रमको लागि ५० प्रतिशत अनुदान उपलब्ध गराउने । | तालिम निशुल्क सञ्चालन गर्ने |
| ३. | च्याउ खेति विकास कार्यक्रम | • च्याउ खेति विकास सम्बन्धी प्रस्तावित क्रियाकलापमा अनुभव वा तालिम लिएका ब्यवसायीलाई प्राथमिकता रुपमा च्याउ कृषक,फर्म, समूह तथा कृषि सहकारीमा कार्यक्रम संचालन गर्ने। | • च्याउ खेति लागि बिउ तथा पोलीब्याग वितरण गरिने ।<br>• परालकाट्ने मिसिन (chaff cutter) बितरण गर्ने ।<br>• पानीको फोहोरा निर्माण गर्ने ।<br>• च्याउको टनेल निर्माण गर्ने ।<br>• च्याउको डल्ला बनाउने मिसिन वितरण गर्ने ।<br>• च्याउ खेति सम्बन्धि तालिम सञ्चालन गर्ने ।<br>• च्याउ सुकाउने solar dryer वितरण गर्ने । | • बिउ, पोलीब्याग,पराल तथा मेसिनरी औजारमा ५० प्रतिशत अनुदान उपलब्ध गराउने ।<br>• च्याउ खेति गर्ने टनेल तथा अन्य पूर्वाधार विकासमा ५०% अनुदान उपलब्ध गराउने ।<br>• च्याउ खेति तालिममा सहभागी कृषकहरुलाई च्याउको बिउ २ थान (४०० ग्राम) र पोलीब्याग (६ थान) सम्म शतप्रतिशत अनुदान उपलब्ध गराउने । | |
| ४. | उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्धन | • लसुन तथा प्याजको बिउ सम्बन्धी प्रस्तावित क्रियाकलापमा अनुभव वा तालिम लिएका कृषकलाई प्राथमिकता दिईने ।<br>• ब्यवासाहिक रुपमा लसुन वा | • लसुन तथा प्याजको बिउ वितरण । | • बिउ बिजनको हकमा शत प्रतिशत अनुदान उपलब्ध गराउने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्याज खेति गर्ने कृषक, फर्म, समूह तथा कृषि सहकारीमा कार्यक्रम सञ्चालन गर्ने ।<br>• लसुनको हकमा न्युनतम २ रोपनी र प्याजको हकमा न्यूनतम १ रोपनी क्षेत्रफल जग्गामा लगाउनु पर्ने । | | | |
| ५. | उन्नत जातको धान/गहुँ/मकै को बिउ उत्पादन तथा वितरण | • बीउ उत्पादन समूह वा कृषि सहकारी संस्था हनु पर्ने ।<br>• बिउ उत्पादनका लागि बाली लगाउदा न्युनतम ५ रोपनी क्षेत्रफल वा प्राविधिक दृष्टीकोणको बालीलाई उपयुक्त क्षेत्र तथा बाली अनुसार पृथकता दुरी कायम हुन सक्ने भौगोलिक अवस्था हुनु पर्ने ।<br>• उत्पादित बिउ खाद्यान्नमा प्रयोगमा ल्याउन नपाईने । | बिउ उत्पादनमा प्रयोग हुने मूल बिउ खरिद, सिचाई, यन्त्र उपकरण, ढुवानी तथा भण्डारणमा सहयोग । | बिउ उत्पादनमा प्रयोग हुने मुल बिउमा १००% अनुदान सहयोग, सिचाई तथा यन्त्र उपकरणमा ५०% अनुदान ढुवानी तथा भण्डारणमा शत प्रतिशत अनुदान सहयोग गरिने गाउँपालिका सम्म । | |
| ६. | करेसाबारी, कौसीखेति तथा अन्य फलफुल, तरकारी खेति तालिम | • प्रस्तावन बाहेक आवश्यक देखिएको अवस्थामा कृषि विकास शाखाले कार्यालयको रायमा यो कार्यक्रम सञ्चालन गर्ने<br>• कौसीखेति कार्यक्रम विशेषत सहरमा केन्द्रित लक्षित रहनेछ । | • कार्यक्रममा तालिम, गोष्ठी, कृषि सामाग्रीहरुमा अनुदान रकम खर्च गर्न सकिने छ ।<br>• करेसाबारी,कौसीखेति तथा अन्य खेतिको लागि बिउ बिजन तथा कृषि सामाग्रीमा अनुदान सहयोग गर्न सकिने ।<br>• यो कार्यक्रमका लागि विषादीमा अनुदान दिईने छैन । | • उन्नत तथा वर्णशंकर जातको बिउ बिजन शत प्रतिशत अनुदान उपलब्ध गराईने । पानी राख्ने हजारी / स्प्रेयर/ गमला/ प्रांगारिक मल तथा अन्य कृषि सामाग्रीमा शत प्रतिशत अनुदान उपलब्ध | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | गरिनेछ ।<br>• तालिम गो.गा.पा कार्यसञ्चाल निर्देशिका २०७७ बमोजिम सञ्चालन गरिने छ । | |
| ७. | माटो परिक्षण गरी माटो सुधारको लागि सामाग्री/ प्रविधि वितरण / हस्तान्तरण | • माटो परिक्षण मिनि ल्याप सञ्चालन प्रविधियुक्त आवश्यक उपकरण खरिद तथा परिचालन गर्ने ।<br>• कृषि प्रविधि/ माटो परिक्षणको लागि नमूना माटो सञ्चालन तालिम सञ्चालन गर्ने । | • माटो सुधारका लागि कृषि चुन/ जिप्सममा अनुदान दिन सकिने ।<br>• माटो परिक्षण मिनि ल्याप सञ्चालन प्रविधियुक्त आवश्यक उपकरण खरिद तथा परिचालन गर्ने ।<br>• घुम्ति नमुना माटो संकलन तालिम । | • माटो परिक्षणको रिपोर्ट, जग्गाको क्षेत्रफल तथा लगाउने बालीको आधारमा कृषि चुन/ जिप्सममा १००% अनुदान उपलब्ध गरिने छ ।<br>• गो.गा.पा कार्यसञ्चाल निर्देशिका, २०७७ बमोजिम घुम्ति नमुना माटो संकलन तालिम सबै वडामा सञ्चालन गरिने । | |
| ८. | • फलफुल विकास कार्यक्रम, कुरिलो खेति तथा स्याउ प्रवर्दन कार्यक्रम | • फलफुल तथा कुरिलोको जात, रेखाङ्कन, खाडलको तयारी, मलखाद, बगैचा व्यवस्थापन आदिको प्राविधिक मापदण्ड अनुसार हुनुपर्ने,<br>• जग्गा भाडामालिएको भए कम्तिमा १५ बर्षको करार सम्झौता हुनुपर्ने ।<br>• बाझो रहेको | • सिचाईको लागि पम्पसेट, मोटर, पाईप, थोपा सिचाई प्रणालीसंग सम्बन्धित सामाग्री आदि खरिद गरिने ।<br>• सिकेचर, आरी, विडर, स्प्रेयर लगायतको औजार/ उपकरण खरिद गरिने ।<br>• बिरुवा रोप्ने रेखांकन र खाडलको तयारी(मलखाद समेत) गरिने ।<br>• बिरुवा खरिद र ढुवानी गरिने । | • फलफुल तथा कुरिलोको बिरुवामा ५०% अनुदान सहयोग गर्ने ।<br>• हिउँदे तथा बर्षे फलफुल खेति सम्बन्धी तालिममा सहभागी कृषकहरुलाई कार्यक्रम सहजिकरणका आवश्यक सामाग्री | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | खेतियोग्य जग्गालाई प्राथमिकता दिईने ।<br>• उच्च घनत्व बिरुवा रोपणलाई प्राथमिकता दिईने ।<br>• व्यक्तिको हकमा न्युनतम १ रोपनी क्षेत्रमा फलफुलको बिरुवा लगाउनु पर्ने । | | शतप्रतिशत अनुदान उपलब्ध गराउने । | |
| ९. | भकारो सुधार कार्यक्रम | • ब्यवसाहिक रुपमा सञ्चालन गरिएको प्रांगारिक तरकारी उत्पादनमा टेवा पग्ने गरी सञ्चालन गरिने छ ।<br>• यो कार्यक्रममा सहभागी हुनका लागि न्युनतम ठुला पशु संख्या ८ अनिवार्य रहने छ साथै खेतिपाती गरेको हुनुपर्ने छ । | • पशुमुत्र संकलन तथा बैज्ञानिक भकारो निर्माण गर्ने ।<br>• उन्नत तथा वर्णशंकर बिउ वितरण गर्ने ।<br>• उन्नत प्रविधिको तालिम प्रदर्शनी, कृषि औजार उपकरणमा अनुदान सहयोग गर्ने । | • प्रति भकारो सुधार गरेवापत रु. १५,०००/- अनुदान दिन सकिने र सम्बन्धित कृषकको लगानी कम्तिमा ५०,००/- हुनु पर्ने ।<br>• बिउ तथा कृषि औजारको हकमा अधिक्तम ५० % अनुदान उपलब्ध गराउने । | |
| १०. | प्रत्येक हप्ता कृषि सम्बन्धी विधार्थीहरुलाई अभिमुखिकरण कक्षा (तालिम) तथा प्लाष्टिक घर सहित करेसावारी निर्माण कार्यक्रम | • कृषि सम्बन्धी विधार्थीहरुलाई अभिमुखिकरण कक्षा ८ देखि +२ सम्मका विधार्थीलाई दिइनेछ ।<br>• विद्यालय परिसरमा प्लाष्टिक घर सहित करेसावारी निर्माण गर्नको लागि जग्गा अनिवार्य हुनुपर्ने छ । | • विधार्थीहरुलाई प्रयोगात्मक प्रशिक्षण गर्न तरिका, नतिजा तथा उत्पादन प्रर्दशन पद्दतिको प्रयोग गरिनेछ । | • प्लाष्टिक घर, तरकारीको बिउ तथा करेसावारी निर्माण निशुल्क गरिनेछ । | |
| ११. | साना सिचाई मर्मत सम्भार तथा निर्माण | • प्रचलित कानुन | • साना बाध निर्माण, कुलो | • सिचाई | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | बमोजिम दर्ता भएका कृषक समूह/ कृषि तथा बहुउद्देशीय सहकारी संस्था , समिति वा निजी फर्म मार्फत कार्यक्रम सञ्चालन गरिने ।<br>• सिचाई कार्यक्रमबाट कम्तिमा ४ रोपनी क्षेत्र विस्तार हुनु पर्ने । | सुधार, पोलीथिन पाईप, पोखरी निर्माण, ट्याङ्की निर्माण, पम्प सेट, थोपा सिचाई, स्प्रिङकल सिचाई, पानी तान्ने मोटर आदिका लागि कृषक समुह , कृषि सहकारी, कृषि फार्म र उपभोक्ता समितिले प्रस्तावना पेश गर्न सक्नेछ । | आयोजाना निर्माणको लागि खर्च हुने कुल रकममा ५०% वा अधिकत्तम १,५०,०००/- मध्ये जुन कम हुन आउछ सो रकम अनुदान दिन सकिने छ । | |
| १२. | कृषि आधुनिकिकरणका लागि मेशिनरी उपकरण सहयोग कार्यक्रम | • कृषक समूह वा कृषि सहकारी संस्था र कृषि फार्म दर्ता भएको हनु पर्ने ।<br>• कृषि ओजार उपकरणको लागि सूचना भए पश्चात आवश्यक परिमाण कृषि शाखामा माग गर्नु पर्नेछ । | • कृषि ओजार उपकरण खरिद तथा वितरण | • ५० प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ । | |
| १३. | युवा लक्षित ब्यावसायिक कृषि कार्यक्रम | • १८ देखि ५० बर्ष उमेर सम्मका कृषक हुनु पर्ने ।<br>• विदेश बाट फर्किएर कृषि व्यवसाय सञ्चालन गर्न चाहेका वा सञ्चालन गरेका युवाहरुलाई प्राथमिकता दिईने । | • खाद्यान्न, फलफुल खेति, तरकारी खेति , च्याउ खेति, ब्यावसायिक नर्सरी, मौरीपालन गर्नेलाई व्यवसाय सञ्चालन तथा विस्तार गर्न सकिने । | • प्रति युवा कृषक /समूहले सम्बन्धित व्यवसाय गरेवापत अधिकत्तम रु. १०००००/- (एक लाख) अनुदान दिन सकिने र सम्बन्धित कृषक / समूहको लगानी कम्तिमा अनुदान रकम बराबर हुनु पर्ने । | |
| १४. | बिउ बिजन तथा TPS आलुको बिउ वितरण | • कृषक, कृषक समूह, सहकारी, फर्म तथा कृषक उद्यमी हुनु पर्ने ।<br>• लगाउने जग्गाको क्षेत्रफलको आधारमा वितरण गरिने । | • बिउ बिजन तथा TPS आलुको बिउ वितरण गरिने । | • खेति गरिने जग्गाको क्षेत्रको आधारमा बिउ बिजन तथा TPS आलुको विउ शत प्रतिशत | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | अनुदान उपलब्ध गराउने । | |
| १५. | उच्च प्रविधिको प्लाष्टिक घर निर्माण (बाँसको ,जि. आ. इ पाईप र फलामको) | • कृषक समूह, सहकारी, फर्म तथा कृषक उधमी हुनु पर्ने ।<br>• बनाउने जग्गाको क्षेत्रफलको आधारमा वितरण गरिने<br>• उद्देश्य: प्लाष्टिक घरमा बेमौसमीमा पनि मौसमी तरकारी जस्तै गुणस्तरको तरकारी उत्पादन गरी मौसमी तरकारी भन्दा वढी आम्दानी लिन । | • सिल्पोलिन प्लाष्टिक वितरण गरिने ।<br>• बाँस वा अन्य काठ र पाईप दिइने ।<br>• प्राविधिक इस्टिमेट अनुसार बनाईने । | • प्लाष्टिक टनेल बनाउदा लाग्ने कुल लागतको ५० % अनुदान रकम दिइने । | |
| १६. | फलफुल बगैचा व्यास्थापन | • कृषक, कृषक समूह, सहकारी, फर्म तथा कृषक उद्यमी हुनु पर्ने ।<br>• कम्तिमा पनि सहकारीको हकमा ३ रोपनी, समूहको हकमा २ रोपनी, फार्मको हकमा १ रोपनी, कृषकको हकमा १/२ रोपनी जग्गामा फलफुल खेति गरेको हुनुपर्ने । | • उच्च घनत्व स्याउ, किवी, ओखरहरुका बिरुवाको लागि फलाम वा सिमेन्टका टेकाको लागि अनुदान दिने ।<br>• ३ रोपनी भन्दा बढी क्षेत्रलमा फलफुल खेती गरेको हकमा घेरा बारमा अनुदान दिने । | • टेकाको लागि फलाम तथा सिमेन्टका पिल्लरको लागि ५०% अनुदान रकम दिइने ।<br>• फलफुल बगैचा घेरा बारको लागि ५०% अनुदान रकम दिइने ।<br>• प्राविधिक इस्टिमे अनुसार भुक्तानी दिइनेछ । | |
| १७. | कृषि तथ्यांक संकलन | ❖ तथ्यांक संकलन कर्ताको रुपमा न्युनतम SLC पास गरेक हुनु पर्ने ।<br>❖ व्यक्ति, समूह वा परामर्शदाता द्रारा संकलन गर्न सकिने । | ❖ गोसाईकुण्ड गाउँपालिका भित्र रहेका कृषक, समूह , सहकारी ,फर्मको साथै कृषि उत्पादनको तथ्यांक संकलन गरिने । | ❖ बजेटमा व्यवस्था भए अनुरुप । | |
| १८. | मौरी व्यवसाय | ❖ मौरी पालनका | ❖ मौरी सहित मौरी घार | ❖ मौरी सहित | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | लागि न्युनतम १० मौरी गोला भएको कृषक उद्यमी, समूह, सहकारी | ❖ खाली मौरी घार तथा उपकरण<br>❖ मौरी सम्बन्धी तालिम | मौरी घार तथा खाली मौरी घार, उपकरणमा ५० प्रतिशत अनुदान<br>❖ तालिम गो.गा.पाको कार्यसञ्चालन निर्देशिका बमोजिम सञ्चालन गरिने छ। | |

❖ विभिन्न बाली तथा उत्पादनको मापदण्ड र अनुदान रकम उत्पादनमा आधारित अनुदान कार्यक्रमको लागी ( बैदेशिक रोजगारबाट फर्केका युवाहरु)

| क्र.स | बाली/ बस्तु | न्यूनतम मापदण्ड | न्युनतम उत्पादन/ बार्षिक | अनुदान | कैफियत |
|---|---|---|---|---|---|
| १. | खाद्यान्न बाली | ५ रोपनी | १० मुरी (५५०) | प्रति मुरी ३०० | |
| २. | दलहन बाली | २ रोपानी | २ मुरी (११०) | प्रति मुरी ५०० | |
| ३. | तेलहन बाली | २ रोपनी | २ मुरी (११०) | प्रति मुरी ५०० | |
| ४. | आलु बाली | १० रोपानी | १५ मुरी (८२५) | उन्नत आलु प्रति मुरी रु. १५० रैथाने आलु प्रति मुरी रु. २०० | |
| ५. | प्याज | १ रोपनी | ३ क्विन्टल | प्रति क्विन्टल रु २०० | |
| ६. | मह | १५ घार | २० के.जी | प्रति के.जी रु. २०० | |
| ७. | फलफुल | ३ रोपनी | ३०० के.जी | प्रति के.जी रु २५ | |
| ८. | फलफूलको बिरुवा | ३ रोपनी | २००० बिरुवा | प्रति बिरुवा २० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९. | फलफूलको बिरुवा कलमी | २ रोपनी | १००० बिरुवा | प्रति बिरुवा रु. २५ | |
| १० | रैथाने बाली ( जौ, फापर, कोदो आदि) | कोदोः १ रोपनी<br>अन्यः १/२ रोपनी | ५ मुरी<br>२ मुरी | प्रति मुरी रु. ४००<br>प्रति मुरी ५०० | |
| ११. | खसी/बोका | १० वटा | २०० के.जी | प्रति के.जी रु. ५० | |
| १२. | लोकल कुखुरा/हाँस/टर्की | १०० वटा | २०० के.जी | प्रति के.जी रु. ५० | |
| १३. | माछा | १००० भुरा | ७००० के.जी | प्रति के.जी रु. ५ | |
| १४ | बंगुर | २४ वटा | १००० के.जी | प्रति के.जी रु. २० | |
| १५ | दुध<br>चौरी<br>गाई<br>भैसी | ३० वटा<br>२५ वटा<br>१० वटा | १२००० लिटर<br>१२००० लिटर<br>६००० लिटर | प्रति लिटर रु. २ रुपैया | |
| १६ | मासुको लागि पाडा पाडी | १० वटा | ६०० के.जी | प्रति के.जी रु. १० | |
| १७ | विभिन्न तरकारी | १ रोपनी | १०० के.जी | प्रति केजी रु ३० | |
| १८. | गोलभेंडा | १ रोपनी | १०० के.जी | प्रति के.जी. रु ३० | |

# परिच्छेद-३

## कार्यक्रम संचालन प्रक्रिया

१. गोसाईकुण्ड गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधिको लागि बजेट व्यवस्था भए बमोजिम सञ्चालन गरिनेछ।

२. **प्रस्ताव माग:** कार्यालयले स्वीकृत बजेट तथा कार्यक्रम अनुसार अनुसूची-१ को ढाँचामा ७ देखि २१ दिनको सूचना प्रकाशन गरी उद्यमी कृषक/ निजी फर्म/ समूह/ सहकारी/ उपभोक्ता समिति/ कम्पनीहरुसँग प्रस्ताव माग गर्नेछ।

३. **प्रस्ताव पेश:** सूचनामा तोकिय बमोजिमको कागजात सहित उल्लेखित कार्यक्रमहरुमा मापदण्ड पुगेका इच्छुक प्रस्तावकले अनुसूची-२ को निवेदनको ढाचा सहित गोसाईकुण्ड गाउँपालिकाको कृषि विकास शाखामा प्रस्ताव पेश गर्नु पर्नेछ।

४. **प्रारम्भिक छनौट तथा सिफारिस**: प्राप्त प्रस्तावहरु उपर कृषि विकास शाखाले प्रस्तावमा माग गरिएको कागजातहरुको रुजु गरी कृषि विकास समन्वय समिति समक्ष पेश गर्नु पर्नेछ।
५. स्थलगत प्रमाणीकरण सिफारिस: कृषि विकास समन्वय समितिले स्थलगत प्रमाणीकरण र मूल्यांकन सूचक (अनुसूची-४) को आधारमा अनुदानग्राही छनौट गर्नेछ।
६. कृषि उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित कृषकको कृषि उपजको उत्पादनको फोटा संकलन गर्नुपर्नेछ।
७. सम्झौता प्रक्रिया:
क. छनौट भएका अनुदानग्राही र कार्यालय बीच स्वीकृत कार्ययोजना बजोमिम सम्झौता गरिनेछ।
ख. सम्झौता पश्चात कार्यालयले कार्यादेश दिनेछ।
ग. कार्यक्रम सम्झौतामा तोकिएका क्रियाकलापहरु तोकिएको समय अवधि भित्र सम्पन्न गर्नु पर्नेछ।

## परिच्छेद -४
## समिति सम्बन्धी व्यवस्था

### १०. कृषि विकास कार्यक्रम सञ्चालन समिति

१०.१ कार्यक्रम कार्यन्वयन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको कृषि विकास कार्यक्रम सञ्चालन समिति रहनेछः-
क. गा.पा. अध्यक्ष, गोसाईकुण्ड गाउँपालिका संयोजक
ख. गा.पा. उपाध्यक्षः- सदस्य
ग. गा.पा. प्रमुख प्रशासकीय अधिकृत, गोसाईकुण्ड गाउँपालिका सदस्य
घ. आर्थिक विकास समितिको संयोजकः- सदस्य
ङ. गाउँसभा सदस्यबाट गाउँ कार्यपालिकाले तोकेको न्यूनतम १ महिला सदस्य रहने गरी २ सदस्य
च. शाखा प्रमुख , कृषि विकास शाखा सदस्य सचिव

१०.२ समितिको बैठकमा आवश्यकता अनुसार बढीमा तीन जनालाई आमन्त्रण गर्न सकिनेछ।
१०.३ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-
क. प्राप्त प्रस्तावहरु प्रारम्भिक छनौटको लागि आवश्यकता अनुसार कृषि प्राविधिकलाई जिम्मेवारी तोक्ने।
ख. प्रारम्भिक छनौटबाट स्वीकृत भएका प्रस्तावहरुलाई स्थलगत प्रमाणीकरणबाट मुल्यांकन गरी अनुदानको लागि प्रस्ताव छनौट गर्ने।
ग. छनौटमा परी स्वीकृत भएका प्रस्तावकसँग सम्झौता गर्न कार्यालयलाई सिफारिस गर्ने।
घ. कार्यक्रमको अनुगमन गर्ने र प्रभावकारी कार्यान्वयनका लागि सरोकारवाला लाई राय सुझाव दिने।

## परिच्छेद -५
## रकम भुक्तानी प्रक्रिया

११. भुक्तानी प्रकिया

११.१. कार्यक्रम सञ्चालनको लागि कृषि विकास शाखा बाट सञ्चालन हुने कार्यक्रम बाहेक अन्य कार्यक्रमको लागि पेश्की रकम उपलब्ध गराईने छैन । कार्य प्रगति/ कार्यसम्पन्नताको आधारमा कार्यालयबाट रकम भुक्तानी हुनेछ ।

११.२. पचास प्रतिशत काम सम्पन्न भएपछि पचास प्रतिशत सम्म र सम्पूर्ण काम सम्पन्न पश्चात भुक्तानी हुनेछ ।

११.३. रकम भुक्तानी गर्दा एकाउन्ट पेयी चेक मार्फत भुक्तानी गरिनेछ ।

११.४, कार्यक्रम सम्पन्न भएको आधारमा कार्यालयले देहाय बमोजिमको प्रकृया पुरा गरे पछिमात्र रकम भुक्तानी गर्नेछः-

क. सम्झौता र कार्ययोजना अनुसारको कार्यक्रम सम्पन्न भए पश्चात खर्च भएको बील र भरपाईको सक्कलै कागजात सहित समयावधि भित्र पेश गर्नुपर्नेछ ।

ख. सम्पन्न गरिएको क्रियाकलापको फोटो समाबेश गर्नु पर्नेछ ।

ग.सम्बन्धित अनुदानग्रहिले सञ्चालन गरेका कार्यक्रमको प्रगती प्रतिबेदन पेश गर्नु पर्नेछ ।

घ.सम्बन्धित वडाको कार्यक्रम सम्पन्नताको सिफारिस पत्र समाबेश गर्नु पर्नेछ ।

ङ. कार्यालयबाट खटाईएको टोलीको अनुगमन टोलीको प्रतिबेदन पेश गर्नु पर्नेछ ।

च. कूल लागत पाँच लाख भन्दा बढिको कार्यक्रमको सम्बन्धित स्थलमा कार्यक्रमको विवरण स्पष्ट देखिने गरी होर्डिङबोर्ड/ सूचनापाटी राखेको हुनु पर्नेछ ।

छ. वडा कार्यलयको दोहोरो सुविधा नलिएको सिफारिस

११.५. कार्यक्रमको रकम भुक्तानी गर्दा १.५ प्रतिशत अग्रिम आयकर र पुजीगत निर्माण कार्यको हकमा नियमानुसार कन्टिन्जेन्सी रकम कट्टा गरिनेछ । उक्त रकम प्रचलित कानून अनुसार खर्च गर्न सकिनेछ ।

११.६. सम्झौतामा भए बमोजिमको कार्य नगरेमा गाउँपालिले त्यस्ता अनुदानग्राहीलाई भुक्तानी दिन बाध्य हुने छैन ।

११.७. सम्झौता गरेको आर्थिक बर्ष भित्रमा कार्यसम्पन्न गरी भुक्तानी लिन नआएमा भुक्तानी गरिने छैन ।

## परिच्छेद -६
## कार्यक्रम सुपरिवेक्षण, अनुगमन, प्रतिवेदन र समन्वय व्यवस्था

१२. **सुपरिवेक्षण तथा अनुगमन:** आवश्यकता अनुसार कृषि विकास कार्यक्रम सञ्चालन समिति, अनुगमन समिति/टोली, आर्थिक विकास समिति, कृषि विकास शाखा र सम्बन्धित वडा कार्यालयबाट कार्यक्रमको सुपरिवेक्षण तथा अनुगमन गरी राय सुझाव र सरसल्लाह दिनेछ ।

१३. प्रतिवेदन: सञ्चालित कार्यक्रमको प्रगति विवरण मासिक, चौमासिक र वार्षिक रुपमा सम्बन्धित कार्यालयले कृषि विकास शाखा समक्ष पेश गर्नु पर्नेछ ।

१४. सञ्चालित कार्यक्रमको गाउँपालिका वडा कार्यालय तथा कृषि विकास शाखाले आवश्यक अनुसार समय समयमा अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ ।

## परिच्छेद -७
## विविध

१४. **कारवाहीको व्यवस्था**: सम्झौता अनुसार कार्य नगरेमा तथा अनुदान प्राप्त सामाग्री वा रकमको दुरुपयोग गर्ने अनुदानग्राहीसंग प्रचलित कानून बमोजिम सरकारी बाँकि सरह असुल उपर गरिनेछ ।

१५. **गाउँपालिकाको निर्णय बमोजिम** हुनेः यस कार्यविधिमा उल्लेख भएका विषय वस्तुका सम्बन्धमा कुनै अस्पष्टता भएमा सोको व्याख्या गाउँपालिकाले निर्णय गरे बमोजजिम हुनेछ ।

१६. **अनुदान प्राप्त नहुनेः-** नेपाल सरकारले घोषणा गरेका प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा अन्य आयोजना वा कार्यालयबाट सोहओ कार्यक्रमका लागि दोहोरो हुने गरी अनुदान प्रवाह गरिने छैन ।

१७. बाधा अड्चन, निरुपण र संशोधन:

क. यस कार्यविधि कार्यान्वयनमा बाधा, अड्चन वा विवाद भएमा सो को निरुपण गोसाईकुण्ड गाउँ कार्यपालिकाले गर्नेछ ।

ख. **प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिका लेखिएका विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

ग. यो कार्यविधि आवश्यकता अनुसार गाउँपालिकाकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

## अनुसूची-१
## सूचनाको ढाँचा

**प्रथम पटक सूचना प्रकाशन मिति ..........**

यस गोसाईकुण्ड गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कृषि विकास शाखा, गोसाईकुण्डको आ.व. २०८०/०८१ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम सञ्चालन हुने..........................................................कार्यक्रम संचालन गर्न इच्छुक यस गोसाईकुण्ड गाउँपालिका क्षेत्र भित्रका कृषि सहकारी, कृषक समूह, फर्म तथा कृषि उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले ...............दिनभित्र तोकिएको ढाँचामा प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन यस कार्यालयमा पेश गर्नका लागि सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**<u>प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु:</u>**

१. प्रस्तावकको सक्कल निवेदन र कृषि गरेको विवरण
२. समूह/सहकारी/ निजि कृषक फर्म/ कम्पनीहरुले नियमानुसार दर्ता भएको प्रमाण- पत्रको प्रतिलिपि
३. सहकारी/ निजि कृषक फर्म/ कम्पनीहरुको हकमा स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
४. सहकारी/ निजि कृषक फर्म/कम्पनीहरुको हकमा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण- पत्रको प्रतिलिपि
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव
६.सम्बन्धित वडाको सिफारिस पत्र
७. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुसार माग गर्न गरिएको निर्माणको प्रतिलिपि
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान
१०. कार्यक्रम सञ्चालनको लागि जग्गा धनीको लालपूर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको लागि कम्तिमा १० बर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि
११. अनुदान कार्यक्रम सञ्चालन गर्ने स्थान वा उत्पादित कृषि सामाग्रीको फोटो ४ प्रति

**अनुसूची-२**
**निवेदनको ढाँचा**
मितिः...

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गोसाईकुण्ड गा.पा स्याफ्रुवेशी, रसुवा
बागमती प्रदेश, नेपाल ।

विषय: ..........................................................कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गरेको बारे ।

प्रस्तुत बिषयमा त्यहाँ कार्यालयबाट मिति ....................................मा प्रकाशित गरिएको सूचना अनुसार कार्यक्रममा सहभागी हुने योग्यता पुगेकोले कार्यक्रमको मापदण्ड भित्र रही कार्यालयले उल्लेख गरेको शर्तहरुको

अधिनमा रही कार्यक्रम संचालन गर्न निम्न बमोजिमका कागजातहरु यसै पत्रसाथ संलंग्न गरी यो प्रस्ताव पेश गरेका छौं/छु।

संलग्न कागजातहरु

१,प्रस्तावकको सक्कल निवेदन

२. उद्यमी /कृषक समुह/ सहकारी / निजि फर्म/ कम्पनीको नियमानुसार दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि
३.सहकारी/ निजी फर्म/ कम्पनीहरुको हकमा स्थायी लेखा नम्बर प्रमाण-पत्रको प्रतिलिपि
४.सहकारी/निजि कृषक फर्म/ कम्पनीहरुको हकमा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि
५, कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव
६. सम्बन्धित वडाको सिफारिस पत्र
७. प्रस्तावकले कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
१०. कार्यक्रम संचालनको लागि जग्गाको लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको लागि कम्तिमा ५ बर्षको करार गरिएको सम्झौता पत्रको प्रतिलिपि

निवेदक
दस्तखत:
नाम:
ठेगाना :
सम्पर्क नं.:

## अनुसूची ३

**उत्पादक कृषकलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराउने कार्यक्रममा सहभागी हुने कृषकको विवरण**

१ कृषकको नामः

२. फर्म, समूह, सहकारी वा कम्पनिको नामः

३. ठेगानाः

४. दुहुना गाई, दुहुना भैंसी/ खेति गरिएको क्षेत्रफल/ माउ बाख्रा/ माउ भेडा/ लगाएका फलफुलको संख्या/ लगाएको तरकारीको क्षेत्रफलः

५. लगाएका फलफुलका किसिम/ तरकारीको किसिमः

६. गत बर्षको उत्पादन परिमाणः

| क्र.स | दुध उत्पादन लि. | बिक्री परिमाण लि. | खसी/ बोका/ पाठा पाठी उत्पादन संख्या | हुर्काएका फलफुलको संख्या | उत्पादन गरिएको ताजा तरकारीको परिमाण के.जी. | बजारीकरण गरिएको ताजा तरकारीको परिमाण के.जी. | तरकारीको विउ उत्पादन परिमाण के.जी. | तरकारीको विउ परिक्षण गराएको पटक | खाद्यन्न बालीको उत्पादन परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**७. यस वर्षको हालसम्मको उत्पादन परिमाणः**

| क्र.स | दुध उत्पादन लि. | बिक्री परिमाण लि. | खसी/ बोका/ पाठा पाठी उत्पादन संख्या | हुर्काएका फलफुलको संख्या | उत्पादन गरिएको ताजा तरकारीको परिमाण के.जी. | बजारीकरण गरिएको ताजा तरकारीको परिमाण के.जी. | तरकारीको विउ उत्पादन परिमाण के.जी. | तरकारीको विउ परिक्षण गराएको पटक | खाद्यन्न बालीको उत्पादन परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**८. गत वर्षको अधिकत्तम उत्पादन महिना र परिमाणः**

**९. गत वर्षको न्यूनतम उत्पादन महिना र परिमाणः**

**१०. बिक्री/ उत्पादन अभिलेखको अवस्थाः भएको वा नभएको**

**११. बजारसँग खरिद बिक्री सम्झौताको अवस्थाः भएको वा नभएको**

## अनुसूची ४

## प्रस्ताव मुल्यांकनका आधारहरु

| क्र.स | द.नं. | आवेदन संस्थाको नाम | ठेगाना | प्रस्तावित कार्य योजना(२०) | व्यवसायको सम्भाव्यता/उपयुक्तता (२०) | अनुभव/तालिम,भौतिक संरचना (१०) | खेति गरिने जग्गाको क्षेत्रफल वा लाभग्राही कषक संख्या (१५) | वैदेशिक रोजगारवाट फर्केको वा अघिल्लो आ.व. मा अनुदान नपाएको(२०) | नविनतम प्रविधि उपयोग गरेको (१५) | कुल प्राप्तांक (१००) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

नोटः मूल्यांकनका आधार फर्म र आवश्यकता अनुसार कृषि विकास समन्वय समितिले हेरफेर गर्न सक्नेछ ।

**अनुसूची-५**

कार्य सम्पन्न प्रतिवेदनको नमूना

| क्र.स. | विवरण | कैफियत |
|---|---|---|
| १ | कृषकको नामः | |
| २ | ठेगानाः | |
| ३ | ....................खेति गरिएको जग्गाको क्षेत्रफल<br>मौरी घारको संख्याः<br>पशुको संख्याः<br>उत्पादन गरिएको फलफुल बेर्नाको संख्याः | ................रोपनी<br>...................घार<br>..................संख्या<br>.................संख्या |
| ४ | बाली उत्पादन गरिएको क्षेत्रफलः<br>मह निकालिएको घार संख्याः<br>दुध तथा मासु उत्पादन प्रति लि./ के.जि. | ................रोपनी<br>...................घार<br>..................संख्या |
| ५. | जम्मा उत्पादनः | .........................के.जि.<br>...................के.जि/ घार/ लि. |
| ६ | जम्मा अनुमानित उत्पादन | |
| ७ | प्रति केजी अनुदान रु. | |
| ८ | जम्मा अनुदान रकम रु. | |

तयार गर्ने काम गर्ने जाँच गर्ने सदर गर्ने

## अनुसूची-६
## सम्झौता -पत्र

आ.व. ............मा संचालन हुने....................कार्यक्रमको लागि तथा गो.गा.पा कृषि विकास शाखा .................................(यस पछि प्रथम पक्ष भनिने) र छनौट भएका कृषक समूह/समिति/ उपभोक्ता समिति संस्था/ सहकारी (यस पछि दोस्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाको अधिनमा रही कार्यक्रम सञ्चालन गर्न सम्झौता भएको छ ।

शर्तनामाहरु :

१. प्रथम पक्षले लागत साझेदारीमा .........................कार्यक्रमको लागि लागतहरु...................... मध्ये अनुदान वापत रु. ...................अनुदान/ सामग्री सहयोग प्रदान गर्नेछ ।

२. दोस्रो पक्षले बाँकी रकमको व्यवस्था गरी जिल्ला रसुवा गोसाईकुण्ड गाउँपालिका वडा नं. ......... मा मिति भित्र सम्पन्न गर्नेछ ।

३. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन, ईस्टिमेट अनुसारका सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि सम्पन्न गर्नेछ |

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईस्टीमेट, सुपरभिजन, अन्तिम बिल र कार्य सम्पन्न प्रतिबेदन लगायतका सबै प्राविधिक कार्यहरु तथा निर्माण खरिद, दुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ ।

५, दोश्रो पक्षले सुरुमा आफ्नो तर्फको लगानीबाट सम्पन्न भएको कामको नियमानुसार भ्याट बिल, दाखिला प्रतिबेदन, कार्यसम्पन्न प्रतिबेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मुनासिव ठहरे दोश्रो पक्षको बैंक खातामा भुक्तानी दिनेछ ।

६, प्रथम पक्षले कुनैपनि बखत सञ्चालित कार्यको अनुगमन/ निरिक्षण गरी सम्झौता मुताविक कार्य भए/ नभएको हेर्न र आवश्यक सल्लाह सुझाब दिन सक्नेछ ।

७, दोश्रोपक्षले कार्यक्रम संचालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपले कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित 'होडिङबोर्ड सबैले देख्ने गरी राख्नेछ ।

८. कार्यक्रम संचालनका दौरान वा सम्पन्न भए पश्चातको संचालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्याशित रुपमा सृजित सबै प्रकारका दाइत्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

९. दोस्रो पक्षले नियमित रुपमा (कम्तिमा चौमासिक अवधिमा ) कार्यक्रमको प्रगती, उपलब्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

१०. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

११. सम्झौतामा उल्लेख हुन छुटेका बिषयहरुको हकमा प्रचलित कानुन र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१२. दिपक्षिय सम्झौता मुताविकको काम नभई रकम दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षिय रुपमा सम्झौता भङ्ग गर्ने र हिनामिना भए बराबरको रकम दोस्रो पक्षबाट सरकारी बाँकी सरह् असुल उपरको प्रक्रिया अगाडि बढाउन सक्नेछ ।

१३. वोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको डिजाईन, ईस्टीमेट र दरभाउ, मेसिनरी, उपकरण र अन्य सामानहरु खरिद गर्नु पूर्व प्रथम पक्षसँग स्वीकृत गराई सम्पुर्ण कार्यहरु उच्च गुणस्तर कायम राखी निर्धारित समय भित्र सम्पन्न गर्नेछ ।

१४. प्रथम पक्ष र दोस्रो पक्ष बीच सम्झौताको लागत अनुमानमा देहायको खर्चका श्रोतहरु रहनेछन् ।

१. प्रथम पक्षले व्यहोर्ने रु. ....

२. दोश्रो पक्षले व्यहोर्ने रु.

३. अन्य श्रोतबाट प्राप्त लागत रु...

४. कन्टेन्जिन्सी रकम रु..........................(यो रकम बिशेषज्ञको परामर्श सेवा,मर्मत संभार र निर्माणकार्यको प्राविधिक सेवा, हेरालु कार्यमा मात्र खर्च गर्न सकिनेछ |)

५. प्रस्तावनाको कुल लागत रु...........................................

प्रथम पक्षको तर्फबाट
नाम
पद
दस्तखत
मिति
कार्यालयको छाप

दोश्रो पक्षको तर्फबाट
नाम
पद
दस्तखत
मिति
संस्थाको छाप

## साक्षी

नाम
पद
दस्तखत
मिति
कार्यालयको छाप

ईतिसम्बत् .... ...साल .....महिना.................गते

नोटः दिपक्षीय सम्झौतामा आवश्यकता मुताविकको अन्य बूँदाहरु थप गर्न सकिनेछ ।

प्रमाणिकरण मिति: २०८०/.........महिना...........।गते

**आज्ञाले,**
**दुतेन्द्र चाम्लिङ**
**प्रमुख प्रशासकीय अधिकृत**